# बिर्तामोड राजपत्र

बिर्तामोड नगरपालिका, बिर्तामोड, झापाद्वारा प्रकाशित

खण्ड : २ सङ्ख्या : ६ चैत १५ गते, २०७८

भाग १

## सवत् २०७८ को ऐन नं. ६

# बिर्तामोड नगरपालिका नगर प्रहरी गठन तथा सञ्चालन गर्न बनेको ऐन, २०७८

प्रमाणीकरण मिति : २०७८ चैत १५ गते

**प्रस्तावना :**

नगरपालिकाबाट उपलब्ध प्रशासनिक सेवा, कर प्रणाली, शहरी सुरक्षा व्यवस्था, बजार व्यवस्थापन,कानुन कार्यान्वयन, फोहरमैला व्यवस्थापन तथा विपद व्यवस्थापनका प्रभावकारी र निश्पक्ष ढङ्गबाट आम नागरिक माझ पुऱ्याउन नगरपालिकाको नगर प्रहरी सेवालाइ जिम्मेवार प्रभावकारी तथा निश्पक्ष बनाइ पूर्ण क्षमता साथ सञ्चालन गर्ने उदेश्यले नेपालको संविधानको अनुसची(८ मा उल्लेखित स्थानीय तहको अधिकारको सूची तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२)

को खण्ड (क) अनुसारको काम, कर्तव्य सम्पादन गर्ने प्रयोजनको लागि नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा भएको अधिकार प्रयोग गरी बिर्तामोड नगरपालिकाको नवौ नगर सभाबाट यो ऐन जारी गरिएका छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस ऐनको नाम "बिर्तामोड नगरपालिका, नगर प्रहरी गठन तथा सञ्चालन गर्न बनेको ऐन २०७८" रहेको छ।

(२) या ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अको अर्थ नलागेमा यस ऐनमा :

(क) "नगरपालिका" भन्नाले बिर्तामोड नगरपालिका सम्झनुपर्छ।

(ख) "कार्यपालिका" भन्नाले बिर्तामोड नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ।

(ग) "वडा समिति" भन्नाले बिर्तामोड नगरपालिकाको वडा समितिहरु सम्झनुपर्छ।

(घ) "प्रमुख" भन्नाले बिर्तामोड नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ।

(ङ) "उप-प्रमुख" भन्नाले बिर्तामोड नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ।

(च) "वडा अध्यक्ष" भन्नाले बिर्तामोड नगरपालिकाको वडाका वडा अध्यक्षलाइ सम्झनुपर्छ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बिर्तामोड नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(ज) "सदस्य" भन्नाले बिर्तामोड नगर कार्यपालिकाको सदस्य सम्झनुपर्छ र सो शब्दले कार्यपालिकाका प्रमुख, उप प्रमुख तथा वडा अध्यक्ष समेतलाई जनाउछ।

(झ) "वडा सदस्य" भन्नाले बिर्तामोड नगरपालिकाको सवै वडामा निर्वाचित सदस्यलाई सम्झनुपर्छ।





## अनुसूची - ३
**(दफा ९ सँग सम्बन्धित)**
## परीक्षाको प्रकार

| क्र.स | परीक्षाको प्रकार |
|---|---|
| १ | स्वास्थ्य परीक्षण, शारीरिक तन्दुरुस्ती, लिखित, मौखिक तथा प्रयोगात्मक परीक्षा हुनेछ। एक पदमा तीसभन्दा बढी उम्मेद्वार भएमा छनौट सची प्रकाशित (SHORT LIST) गरिनेछ। |

**आज्ञाले,**
**विनोदकुमार न्यौपाने**
**प्रमुख प्रशासकीय अधिकृत**

## अनुसूची - २
(दफा ९ सँग सम्बन्धित)
## विज्ञापनको तरिका

| क्र.स | विज्ञापन प्रकाशित गन माध्यम | दरखास्त दिन म्याद |
|---|---|---|
| १ | स्थानीय पत्रिका वा स्थानीय एफ.एम.रेडिया वा इन्टरनेट/वेवसाइटमा प्रकाशित गर्नुपनेछ | प्रथम पटक सूचना प्रकाशित मितिले २१ दिनभित्र दरखास्त दिइसक्नु पर्नेछ |





(ञ) “सभा” भन्नाले बिर्तामोड नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।

(ट) “कर्मचारी भन्नाले” बिर्तामोड नगरपालिकामा कार्यरत संघीय तथा प्रदेश सरकारले पठाएको, बिर्तामोड नगरपालिकाको स्वीकृत दरबन्दीमा कार्यरत स्थायी, अस्थायी, सेवा करार, करार सेवाका कर्मचारीलाई सम्झनुपर्छ ।

(ठ) “नगर प्रहरी” भन्नाले नगरपालिकाको यस ऐन बमोजिम गठन र सञ्चालन भएको र हुने सवै नगर प्रहरीलाई सम्झनु पर्दछ ।

(ड) “संघीय ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनुपर्छ ।

(ढ) “मन्त्रालय” भन्नाले नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र १ नं. प्रदेश सरकार, आन्तरिक मामिला तथा कानुन मन्त्रालय वा संघ वा प्रदेश सरकार समक्ष स्थानीय तहले सम्पर्क गर्न तोकिएको मन्त्रालय सम्झनु पर्दछ ।

(ण) “नगर प्रहरी नायव निरीक्षक” भन्नाले नगरपालिकाको नगर प्रहरी अन्तरर्गत पाँचौ तहको अधिकृत कर्मचारीलाई सम्झनु पर्दछ ।

(त) “नगर प्रहरी सहायक निरीक्षक” भन्नाले नगरपालिकाको नगर प्रहरी अन्तरगर्त सहायक चौथो तहको अधिकृर्त कर्मचारीपलाई सम्झनु पर्दछ ।

(थ) “नगर प्रहरी अधिकृत” भन्नाले नगर प्रहरी निरीक्षक देखि नगर प्रहरी सहायक निरीक्षकसम्मको अधिकृतलाई सम्झनु पर्दछ ।

(द) “नगर प्रहरी हवल्दार” भन्नाले नगर प्रहरी अन्तरर्गतका तेस्रो तहको नगर प्रहरी हवल्दारलाई सम्झनु पर्दछ ।

(ध) “नगर प्रहरी जवान” भन्नाले नगरपालिकाको नगर प्रहरी अन्तर्गत दोश्रो तहका नगर प्रहरी जवानलाई सम्झनु पर्दछ ।

(न) “मातहत दर्जा” भन्नाले नगर प्रहरी कमाण्डर भन्दा मुनिका अधिकृत र जवानलाई सम्झनु पर्दछ ।

(प) “नगर प्रहरी सवारी चालक” भन्नाले भारी तथा हलुका

सवारी चालक पदमा कार्यरत नगर प्रहरी सवारी चालक सम्झन पर्दछ ।

(फ) "नगर प्रहरी" भन्नाले यस ऐन अनुसार नियुक्त हुने नगर प्रहरी र हाल करार सेवामा कार्यरत नगर प्रहरी सेवामा कार्यरत फौजी प्रकृतिका कर्मचारी सम्झनुपर्दछ ।

(ब) "समान पद" भन्नाले पदपूर्तिका लागि विज्ञापन गरेको पदलाई सम्झनु पर्दछ ।

## परिच्छेद - २
## नगर प्रहरी गठन र व्यवस्थापन

३. **नगर प्रहरी सेवा क्षेत्र :**
बिर्तामोड नगरपालिकाका क्षेत्रभित्र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम नगर प्रहरी गठन, सञ्चालन र व्यवस्थापन भइ सेवा प्रवाह हुनेछ ।

४. **नगर प्रहरी प्रतीक र दर्ज्यानी चिन्ह :**
बिर्तामोड नगर कार्यपालिकाले स्वीकृत गरे बमोजिम नगर प्रहरीको प्रतीक र दर्ज्यानी चिन्ह हुनेछ ।

५. **नगर प्रहरीको दरबन्दी :**
बिर्तामोड नगरपालिका, नगर कार्यपालिकाले स्वीकृत गरी नगर सभाले अनुमोदन गरे बमोजिम हुनेछ ।

## परिच्छेद - ३
## पदपूर्ति

६. **पदका किसिम :**
(१) **नगर प्रहरी सेवामा देहायका पद रहनेछन् :**
(क) नगर प्रहरी नायव निरीक्षक
(ख) नगर प्रहरी सहायक निरीक्षक
(ग) नगर प्रहरी हवल्दार





**अनुसूची - १**
**(दफा ९ सँग सम्बन्धित)**
## शैक्षिक योग्यता र उमेर

| सि.न. | पद | तह | आवश्यक शैक्षिक योग्यता | उमेर |
|---|---|---|---|---|
| १ | नगर प्रहरी नायव निरीक्षक | सहायकस्तर पाँचौ | नगर प्रहरी नायब निरीक्षक पदमा न्यूनतम एस.एल.सी. वा सो सरह उर्त्तीण गरी सेना, प्रहरी, सशस्त्र प्रहरीका हवल्दार पदबाट कम्तीमा १० वर्षको अनुभवसहित सेवा निवृत्त भएको । स्वास्थ्य अवस्था तन्दुरुस्त भएको र कुनै विभागीय कार्वाहीमा नपरेको | ४७ वर्ष ननाघेको |
| २ | नगर प्रहरी सहायक निरीक्षक | सहायकस्तर चौथौ | नगर प्रहरी सहायक निरीक्षक पदमा न्यूनतम एस.एल.सी वा सो सरह उत्तीर्ण गरी सेना, प्रहरी, सशस्त्र प्रहरीका हवल्दार पदबाट कम्तीमा ७ वर्षको अनुभवसहित सेवा निवृत्त भएको । स्वस्थ्य अवस्था तन्दुरुस्त भएको र कुनै विभागीय कार्वाहीमा नपरेको | ४६ वर्ष ननाघेको |
| ३ | नगर प्रहरी हवल्दार | सहायकस्तर तेस्रो | १०औं कक्षा उत्तीर्ण गरी सेना, प्रहरी, सशस्त्र प्रहरीका समान पदबाट सेवा निवृत्त भएको । स्वास्थ्य अवस्था तन्दुरुस्त भई र कुनै विभागीय कार्वाहीमा नपरेको | ४० वर्ष ननाघेको |
| ४ | नगर प्रहरी जवान | सहायकस्तर दोश्रो | आठ कक्षा पास गरी स्वास्थ्य अवस्था तन्दुरुस्त भएको | ४० वर्ष ननाघेको |
| ५ | सवारी चालक | श्रेणी विहिन | सामान्य लेखपढ गर्ने र हेभी सवारी चालक अनुमति पत्र लिई ५ वर्षको अनुभव प्राप्त गरेको | ४० वषे ननाघेको |

द्रष्टव्य : नगर प्रहरी नायव निरीक्षक र नगर प्रहरी सहायक निरीक्षक पदमा योग्य बन्न समान पदमा आश्यक शैक्षिक योग्यता भएका दुई तह मुनिका पदबाट सेवा निवृत्त व्यक्ति पनि योग्य मानिनेछ ।

सिफरिसमा नेपालभरमा औषधि उपचार हुन नसक्ने भनि बिर्तामोड नगरपालिका, नगर कार्यपालिकाको अनुरोधमा वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान, सुनसरीले ठहर गरेमा नगर प्रहरी बिदेशमा गइ उपचार गराउन परेमा नगरपालिकाले उचित ठहराएको रकम थप आर्थिक सहायता दिन सक्नेछ ।

**३८. करार सेवा वा सेवा करारमा नगर प्रहरी नियुक्ति गर्ने प्रक्रिया :**

(१) नगरपालिकामा यस ऐन बमोजिम सेवा करारमा आवश्यक नगर प्रहरी नियुक्त गर्ने देहाय बमोजिमको छनौट समिति रहनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत : संयोजक
(ख) संयोजकले तोकेको अधिकृतस्तरको कर्मचारी : सदस्य
(ग) सामान्य प्रशासन शाखा प्रमुख : सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित छनौट समितिले आफनो कार्यविधि आफै निर्धारण गरी कार्य गर्नेछ । साथै छनौट समितिले उल्लिखित सेवामा भर्नाको सन्दर्भमा नगरस्थित कम्तीमा अधिकृतस्तरको प्रहरी वा सैनिक सेवाको कर्मचारीलाई विज्ञका रुपमा सहयोग लिन सक्नेछ ।

**३९. नियम बनाउने :**

"नगरपालिकाको नगर प्रहरी गठन तथा संचालन ऐन, २०७८" लाई अझ बढी प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न नगर कार्यपालिकाले नियमावली बनाई लागू गर्न सक्नेछ ।

**४०. संक्रमणकालिन व्यवस्था :**

(१) यो ऐन लागू हुँदाको समयमा बिर्तामोड नगरपालिकाको नगर प्रहरीको दरबन्दीमा कार्यरत कर्मचारी यस ऐन बमोजिमको समान पदमा र दरवन्दीमा समायोजन गरिनेछ ।

**४१. संशोधन र खारेजी :**

यस ऐनमा संलग्न अनुसूचीमा भएको व्यवस्था नगर कार्यपालिकाले संशोधन गरी कार्यान्वयन गर्न सक्नेछ । यस उप्रान्त साविक नगर प्रहरी सम्बन्धी सम्पूर्ण व्यवस्थापन यसै अनुसार हुने गरी यस अघिको व्यवस्था खारेज गरिएको छ ।





(घ) नगर प्रहरी जवान
(ङ) नगर प्रहरी सवारी चालक

(२) **उपदफा (१) मा उल्लेख भएका पदहरुको तह देहाय बमोजिम हुनेछ :**

(क) नगर प्रहरी नायव निरीक्षक पाँचौ तह
(ख) नगर प्रहरी सहायक निरीक्षक चौथौ तह
(ग) नगर प्रहरी हवल्दार तेस्रो तह
(घ) नगर प्रहरी जवान दोश्रो तह
(ङ) नगर प्रहरी सवारी चालक श्रेणी विहिन

**७. करारमा नियुक्ति :**

दफा ६ बमोजिमका नगर प्रहरी पदहरुमा यसै ऐन बमोजिम करार सेवाबाट नियुक्ति गरिनेछ ।

**८. सेवाका शर्त :**

दफा ६ बमोजिमका नगर प्रहरी सेवाका कर्मचारीहरुको सेवा शर्त प्रचलित कानुन तथा नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

**९. पदपूर्ति :**

(१) नगरपालिकाको रिक्त रहेका नगर प्रहरी अधिकृत, जवान पदमा बिज्ञापन मार्फत करार सेवाबाट मात्र पदपूर्ति गरिनेछ ।

(२) रिक्त पदमा नियुक्ति हुनका लागि आवश्यक पर्ने न्यूनतम योग्यता, पदपूर्तिको निमित्त हुने विज्ञापनका तरिका, परीक्षा सञ्चालन तथा छनौट विधि यस ऐनको अनसूची ( १, २ र ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) रिक्त पदमा करार सेवामा नियुक्ति गर्दा एक पदका लागि बढिमा पाँच वर्ष सम्म करार सेवा नियुक्ति गर्न सकिनेछ ।

(४) करारमा नियुक्त अधिकृत तथा मातहतका नगर प्रहरीको सेवा सन्तोषजनक भएमा उमेर हद नलागेसम्म एकै पटक २ वर्षसम्म करार सेवाको म्याद थप गर्न सकिनेछ।

(५) दफा ९ (३) बमोजिम नियुक्ति गदा हरेक आर्थिक वर्षको लागि सेवा करार गर्नुपर्नेछ ।

(६) करारमा नियुक्ति भएका नगर प्रहरीले सन्तोषजनक कार्य नगरे अख्तियार प्राप्त अधिकारीले जुनसकै समयमा पनि

करार भङ्ग गरी सेवामुक्त गराउन सक्नेछ ।

१०. **उम्मेदवार हुनका लागि अयोग्यता :**

देहायका व्यक्ति बिर्तामोड नगरपालिकाका नगर प्रहरी पदमा उम्मेदवार हुन अयोग्य हुनेछन :

(क) गैर नेपाली नागरिक,

(ख) सहायक स्तरका पद र जवान पदका लागि अठार वर्ष उमेर पूरा नभएको,

(ग) अधिकृतस्तरका पदका लागि एकाइस वर्ष उमेर पूरा नभएको,

(घ) यस ऐनको योग्यता सम्बन्धी अनुसूचीमा भएका व्यवस्थाका विद्यमानता नभएको,

(ङ) नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलमा कारवाही परेको, सेवाबाट भागी कारवाहीको सूचीमा रहेको,

(च) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार प्रमाणित भएको,

(छ) वैंक तथा वित्तीय संस्थाको कालो सूचीमा परेको,

(ज) भविष्यमा सरकारी सेवा वा नेपाल सरकारको स्वामित्वमा भएको संस्था वा विकास समितिको सेवाका निमित्त अयोग्य ठहरिने गरी कुनै पनि सेवाबाट बर्खास्त भएको,

(झ) नगर प्रहरी नायब निरिक्षक र सहायक निरिक्षकको पदमा ४६ वर्ष र जवान पदमा ४० बर्ष उमेर पूरा भएको,

(झ) तत्काल कनै राजनीतिक दलको सदस्य लिइ सक्रिय राजनीतिमा संलग्न रहेका ।

११. **निरोगिताका प्रमाणपत्र :**

नयाँ करार सेवा नियुक्ति पाउने नगर प्रहरीले करार सम्झौता गर्नु पूर्व स्वीकृत चिकित्सकबाट स्वास्थ्य परीक्षण गराइ निरोगिताका प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

१२. **शपथ ग्रहण :**

नयाँ नियुक्ति पाउने नगर प्रहरीले तोकिए बमोजिमको ढाँचामा सपथ ग्रहण गर्नुपर्नेछ ।





(ण) विपद व्यवस्थापन सम्बन्धि खोजी, उद्धार राहत तथा पुनस्थापना कार्य गर्न र अन्य निकायसँग समन्वय गरि सहयोग गर्ने ।

(त) अनधिकृत विज्ञापन तथा होडिङ्ग बोड नियन्त्रण गर्ने ।

(थ) बजार अनुगमन कार्यमा सहयोग गर्ने ।

(द) छाडा पशु चौपायको नियन्त्रण, विना धनिको कुकुर र जंगली पशुको नियन्त्रण गर्ने र गराउने सहयोग गर्ने ।

(ध) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम नियन्त्रण गर्ने ।

(न) भवन निर्माण तथा सडक सम्बन्धि कानूनी व्यवस्था र मापदण्ड लागु गराउने ।

(प) सरकारी सम्पत्ती क्षेतीहुने अवस्था वा कुनै व्यक्तिको सुरक्षा गर्दा नगर प्रहरी असुरक्षित भएमा अवस्था हेरी प्रहरीले लाठी चार्ज सम्म गर्न सक्नेछ ।

(फ) नगरपालिकाले तोकेको अन्य कार्य गर्ने ।

३५. **सामाजिक सुरक्षा कोष :**

(१) नगर प्रहरी निजको सेवा, शर्त, सुविधा सम्बन्धि कानून बमोजिम योगदानमा आधारित सामाजिक सुरक्षा कोषको प्रबन्ध मिलाइनेछ ।

३६. **उपचार खर्च :**

(१) नगर प्रहरीले करारको शर्त बमोजिमको उपचार सुविधाको प्रबन्ध गरिनेछ ।

(२) यस सेवाका नगर प्रहरीलाई वीमाको सुविधा कार्यपालिकाले तोकिए बमोजिम गरिनेछ ।

(३) नगर प्रहरी कार्यालयको काममा कार्यरत रहदा कनै दुर्घटनामा परेमा नगरपालिकाले वीमाका रकमबाट उपचार खर्च उपलब्ध गराउने छ ।

३७. **थप आर्थिक सहायता :**

नगरपालिकाको कामको सिलसिलामा चोटपटक लाग्न गई कुनै नगर प्रहरीको उपचार गर्नुपरेमा सम्बन्धित जिल्ला अस्पतालको

३४. **नगर प्रहरीका काम, कर्तव्य :**

नगर प्रहरीले बिर्तामोड नगरपालिका प्रति बफादार रही देहाय बमोजिमको काम, कर्तव्य सम्पादन गर्नुपर्नेछ :

(क) नगरपालिकाको नीति, कानुन, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने सन्दर्भमा सहयोगीको रुपमा कार्य गर्नुपदर्छ ।

(ख) संघीय तथा प्रदेश सरकारको निर्णय, निर्देशन कार्यान्वयन गर्ने गराउने समन्वय र सहयोग गर्ने गराउने ।

(ग) नगरपालिकाको चल अचल सम्पत्ति संरक्षण गर्ने गराउने ।

(घ) प्रमुख लगायत निर्वाचित जनप्रतिनिधिहरु र कर्मचारीहरुको सुरक्षा गर्ने गराउने ।

(ङ) नगरपालिकामा हुने सभा, समारोहमा, परम्परागत जात्रा, चाडपर्व, मेला, खेलकुद प्रतियोगितामा सुरक्षा निकायसँग समन्वय गरी सुरक्षा व्यवस्था मिलाउने ।

(च) नगरपालिकाको कर संकलन कार्यमा प्रभावकारी भुमिका निर्वाह गरी करको दायरा बढाई कर संकलन गर्ने कायमा सहयोग गर्ने ।

(छ) नगरपालिकाको बजारमा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन गर्ने ।

(ज) ट्राफिक प्रहरीसँग समन्वय गरी ट्रूफिक व्यवस्थापनमा सहयोग गर्ने ।

(झ) नगरपालिकाको सरसफाई सम्बन्धि मापदण्डको कार्यान्वयन गर्ने गराउने ।

(ञ) जथाभावी फोहोर फाल्ने व्यक्तिलाई कारवाहि गर्ने कारवाहिको प्रक्रिया अगाडि बढाउने ।

(ट) न्यायिक समितिले गरेको निर्णय, मिलापत्र तथा फैसला कार्यान्वयन गर्ने गराउर्ने ।

(ठ) सार्वजनिक ऐलानी र पति जमिन, सार्वजनिक भवन, साँस्कृतिक, ऐतिहासिक सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने गराउने ।

(ढ) विपद्मा दमकल परचिालन गर्न सहयोग गर्ने ।





## परिच्छेद - ४
## सजाय र पुनरावेदन

१३. **सजाय :**

उचित र पर्याप्त कारण भएमा नगर प्रहरीलाइ देहायका सजाय गन सकिनेछ :

**(क) समान्य सजाय :**

(१) सजग गराउने,

(२) नसिहत दिने

**(ख) विशेष सजाय :**

(१) भविष्यमा नगरपालिकाको सेवाको निमित्त अयोग्य नठहरिन गरी पदबाट हटाउने,

(२) भविष्यमा नगरपालिको सेवाको निमित्त अयोग्य ठहरिने गरी पदवाट हटाउने ।

१५. **सजग गराउन वा नसिहत दिने :**

देहायका कुनै अवस्थामा नगर प्रहरीलाई सजग गराउन वा नसिहत दिन सकिनेछ :

(क) काम सन्तोषजनक नभएमा,

(ख) खटाएको स्थानमा म्यादभित्र कार्य गर्न नगएमा,

(ग) पूर्व स्वीकृति नलिइ एक वर्षमा तीन पटकभन्दा बढी कार्यालयमा अनुपस्थित रहेमा,

(घ) अनुशासनहिन काम गरेमा,

(ङ) ऐनमा उल्लेखित आचरण सम्बन्धी कुराहरु उल्लङघन गरेमा,

(च) कार्यालयमा बुझाउन पर्ने नगदी जिन्सी वा कागजात बरबुझारथ नगरेमा,

(छ) एक वर्षमा तीन पटक चेतावनी पाएमा,

(ज) प्रचलित कानुनले तोकको पदीय दायित्व जिम्मेवारीपूर्वक सम्पादन नगरेमा ।

१६. **सेवाबाट हटाउन वा बर्खास्त गर्ने :**

(१) देहायका कुनै अवस्थामा नगर प्रहरीलाई भविष्यमा

नगरपालिका सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछ :

(क) कर्मचारीको अयोग्यता तथा काय क्षमता अभावको कारणले आफनो पदको काम वा जिम्मेवारी पूरा गर्न नसकेमा,

(ख) आचरण सम्बन्धी कुरा बराबर उल्लङघन गरेमा,

(ग) कार्यालयको समयमा बराबर माद्यक पदार्थ सेवन गरेमा,

(घ) बराबर अनुशासनहिन काम गरेमा,

(ङ) प्रत्यक्ष रुपमा राजनीतिमा भाग लिएमा,

(च) आफनो पदको जिम्मेवारी बराबर वेवास्ता गरेमा,

(छ) विदा स्वीकृत नगराई लगातार पन्ध दिनसम्म आफनो कार्यालयमा अनुपस्थित रहेमा ।

(ज) आफूभन्दा माथिल्ला अधिकारीले दिएको आदेश पालना नगरेमा ।

(झ) मानसिक सन्तुलन गुमाएमा ।

(२) देहायको कुनै अवस्थामा कुनै पनि नगर प्रहरीलाई भविष्यमा नगरपालिकाको सेवाको निमित्त अयोग्य ठहरीने गरि सेवाबाट बर्खास्त गर्न सकिनेछ :

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा ।

(ख) भ्रष्टाचार गरेमा सेवाबाट बर्खास्त गरी प्रचलित कानुन बमोजिम कारवाहि हुनेछ ।

**१७. सजाय दिने अधिकारी :**

नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सामान्य सजाय दिन सक्नेछ । विशेष सजाय भने प्रमुखको निर्णयको आधारमा प्रमुख प्रशासकीय अधिकृतले दिन सक्नेछ ।

**१८. सजाय सम्बन्धी कार्यविधि :**

सजाय दिने अधिकारीले कुनै नगर प्रहरीलाई सजाय गर्न आदेश दिनुभन्दा अघि निजलाई कारवाहि गर्न लागिएको कारण उल्लेख गरी सूचना दिई आफनो सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।





(झ) संघीय र प्रदेश सरकार वा नगरपालिकाको काम कारवाहिमा प्रतिकुल प्रभाव पर्नेगरी कुनै पत्र पत्रिकामा आफनो वास्तविक वा काल्पनिक नामबाट वा वेनामी कुनै लेख प्रकाशन गर्न वा रेडियो वा टेलिभिजनद्धारा प्रसारण गर्न हुदैन ।

(ञ) नगरपालिकाको नीतिका विरोधमा सार्वजनिक भाषण दिने वा कुनै वक्तव्य प्रकाशन गर्न हुदैन ।

(ट) नगरपालिकाबाट निर्धारित समयमा नियमित रुपले आफनो कार्यालयमा हाजिर हुनुपर्छ र विदा स्वीकृत नगराई आफनो काममा अनुपस्थित हुनुहुदैन ।

(ठ) कार्यालयका गोपनीयता भङ्ग गर्न हुदैन ।

(ड) नगरपालिकाको काम सम्बन्धी कुरामा आफूभन्दा माथिको अधिकृतले दिएको आज्ञालाई सिघ्रता र परिश्रमको साथ पुरा गर्नुपर्छ ।

(ढ) नगर प्रहरीले आफूभन्दा माथिको सवै जनप्रतिनिधि तथा अधिकृत प्रति उचित आधार देखाउनु पर्छ ।

(ण) आफनो नोकरी सम्बन्धी कुरामा मतलब साध्य गर्न आफूभन्दा माथिको अधिकृत माथि कुनै राजनैतिक वा अरु अवान्छनीय प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्न हुदैन ।

(त) कुनै नगर प्रहरीले प्रचलित कानून विपरीत हुने गरी विवाह गर्न गराउन हुदैन ।

(थ) कुनै पनि राजनैतिक पदका लागि हुन निर्वाचनमा भाग लिन वा कसको निमित्त मत माग्न वा कुनै प्रकारले आफनो प्रभाव पार्न हुदैन । तर प्रचलित कानून बमोजिम पाएको मताधिकार प्रयोग गर्न यसले बन्देज लगाएको मानिने छैन ।

(द) आफनो जिम्मामा रहेको सरकारी नगदी, जिन्सी वा अन्य कागजात जे जति छ, सवै तोकिएका म्यादभित्र बुझाउनु पर्छ र बुझिलिनु पर्नेले पनि तोकिएका म्यादभित्र बुझिलिनु पर्नेछ ।

पर्नसक्ने गरी नगरपालिकाको पूर्व स्वीकृति विना कसैबाट कनै प्रकारको दातव्य, कोसेली, उपहार आफूले स्वीकार गर्न र आफनो परिवारको कनै सदस्यलाई स्वीकार गर्न दिन हुँदैन । विदेशी सरकार वा प्रतिनिधिबाट कनै उपहार प्राप्त हुन आएमा नगरपालिकामा सो कुराको सूचना दिइ निर्णय भए बमोजिम गर्नुपर्नेछ ।

(ख) नगरपालिकाको पूर्व स्वीकृति विना कनै कामको निमित्त कुनै किसिमको चन्दा माग्ने वा त्यस्ता चन्दा स्वीकार गर्न वा कुनै किसिमको आर्थिक सहायता लिन हुदैन ।

(ग) नगर प्रहरीले आफनो र आफ्ना परिवारको नाममा रहेको सम्पत्तिको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएका मितिले तीस दिन भित्रमा नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(घ) नगरपालिकाको लागि गरिने कुनैपनि कामको ठेक्का, टेण्डर, वोलपत्र आफै वा आफना परिवारका कनै सदस्यका नाममा लिन हुदैन ।

(ङ) नगरपालिकाको कामसंग सम्बन्ध भएको कुनै व्यक्तिसँग सापट लिन वा निजको आर्थिक कृतज्ञतामा पर्न हुदैन । तर बैंकसँग लेनदेन हुदा यो नियम लागूहुने छैन ।

(च) कुनै किसिमको फाटका, जुवातास खेल्न खेलाउन हुदैन ।

(छ) नगरपालिकाको पूर्व स्वीकृती विना कनै बैंक वा कम्पनीको स्थापना रजिष्ट्रेशन वा सञ्चालनको काममा भाग लिन हुदैन ।

(ज) नगरपालिकाबाट अख्तियार नपाई आफूले लखेका वा प्राप्त गरेका कुनै कागजपत्र वा सूचनालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अनाधिकृत व्यक्ति, संस्था, निकाय वा संचार माध्यमलाइ सूचना गर्न हुदैन ।



खण्ड : २ सङ्ख्या : ६ बिर्तामोड राजपत्र भाग - १ मिति : २०७८/१२/१५

त्यस्तो सूचना दिदा निजमाथि लगाइएको आरोप स्पष्टरुपले किटिएको हुनपर्नेछ र त्यस्तो आरोप कुनकुन विषय र कारणमा आधारित छ, सो समेत खुलाई निजसंग स्पष्टीकरण माग गर्नुपर्नेछ ।

**१९. सजायका आदेश दिनुभन्दा पहिले सूचना दिने :**

दफा १८ बमोजिम मागिएको स्पष्टीकरण सन्तोषजनक नभएमा वा स्पष्टीकरण पेश नगरेमा नगर प्रहरीलाई सजायको आदेश दिनुभन्दा पहिला सजाय दिने अधिकारीलाई निजलाई दिन लागिएको सजायको सूचना दिइ प्रस्तावित सजाय किन नदिने भनि पुनः तीन दिनको म्याद दिइ निजसँग स्पष्टीकरण माग्नु पर्नेछ ।

## परिच्छेद - ५
## बिदा

**२०. नगर प्रहरीका सबै समय नगरपालिकाको अधिन हुने :**

नगर प्रहरीको सबै समय नगरपालिकाको अधिन हुनेछ र जुनसुकै समयमा पनि निजलाई नगरपालिकाले काममा लगाउन सक्नेछ ।

**२१ कार्यालय समय, समय पालन र हाजिरी :**

(१) नगर प्रहरीले संघीय र प्रदेश सरकार साथै नगरपालिकाले तोकेको समयमा नगरपालिकाको कामकाजको निमित्त तोकेको कार्यालय समयमा नियमित रुपल आफनो कार्यालयमा हाजिर हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारित समयमा नआउने नगरपालिकाको नगर प्रहरीलाई नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले गयल गर्नेछ ।

(३) मुनासिव माफिकको कारण परेमा बाहेक विदाको स्वीकृत नलिइ कुनैपनि नगर प्रहरी आफनो कार्यालयमा अनुपस्थित हुनु हदैन । कावु बाहिरको परिस्थिति परी अनुपस्थित हुने नगर प्रहरीले तीन दिनभित्र विदाको निवेदन दिनु पर्नेछ ।

**२२. बिदाको सुविधा :**

(१) नगर प्रहरीले करार सेवामा कार्यरत रहँदा पाउने तोकिए

बमोजिमको बिदा पाउनेछ ।

(२) विदा अधिकार होइन, सुविधा मात्र हो ।

२३. **बिदा माग गने अवधि :**

(१) सकभर नगर प्रहरीले विदा स्वीकृत नगराई अनुपस्थित हुन हुदैन ।

(२) विदा स्वीकृतको निमित्त नगर प्रहरीले आफूलाई चाहिएको विदाको अवधि, कारण र विदेश जानुपने भए सो समेत खुलाई आफनो तालुक अधिकृत मार्फत विदा दिने अधिकारी समक्ष निवेदन पेश गर्नुपर्नेछ र विदा दिने अधिकारीले पनि विदा स्वीकृत वा अस्वीकृत भएको सूचना सो नगर प्रहरीलाई दिनु पर्नेछ । तर, कार्यालयलाई आवश्यक परेको अवस्थामा विदामा बसेका नगर प्रहरीलाई निजको स्वीकृत विदा रद्ध गराई काममा लगाउन सकिनेछ ।

२४. **बिदा दिने अधिकारी :**

बिदा स्वीकृत गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृत वा अधिकार प्राप्त अधिकारीलाई हुनेछ :

२५. **कार्यालयमा अनुपस्थित हुने उपर कारवाही :**

बिदा नलिई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरीलाई गयल गर्ने र तलब कट्टि गरी सजाय समेत गर्न सकिनेछ । यसरी गयल भएको अवधि विदामा परिणत हुनेछ ।

२६. **विदाको अभिलेख :**

(१) विदा दिने अधिकारीले आफनो मातहतमा काम गर्ने नगर प्रहरीको विदाको अभिलेख राख्न लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विदाको अभिलेखको एक प्रति उतार सम्वन्धित नगर प्रहरीलाई समेत दिनु पर्नेछ ।





## परिच्छेद - ६
## विविध

२७. **तलब भत्ता :**

(१) नगर प्रहरीले पाउने पारिश्रमिक, भत्ता तथा अन्य सुविधा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का दफा ८८ लाई आधार मानी नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ । उक्त तलब स्केल कार्यालय सहयोगीको भन्दा कम गरिने छैन ।

(२) नगरपालिकाले नगर प्रहरीलाई आफनो आन्तरिक आम्दानीको अवस्था हेरी थप सुविधा दिन सक्नेछ ।

२८. **काज खटाउन :**

कुनै नगर प्रहरीलाई प्रमुख प्रशासकीय अधिकृतले काज खटाउन सक्नेछ ।

२९. **तालिम :**

नगर प्रहरीको कार्यक्षमता बृद्धि गर्न नगरपालिका आफैले तालिमको आयोजना गर्न वा नेपाल प्रहरी वा अन्य सम्बन्धित निकायमा पठाउन सक्नेछ ।

३०. **राजीनामा :**

नगर प्रहरीले आफनो पदबाट दिएको राजीनामा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गर्नेछ ।

३१. **अवकाश :**

(१) संघीय तथा प्रदेश कानूनमा व्यवस्था भएकोमा बाहेक नगर प्रहरीको उमेरको हद अन्ठाउन्न वर्ष पूरा भएपछि अवकाश दिइनेछ ।

३२. **चाडपर्व खर्च पाउने :**

नगर प्रहरीले खाइपाइ आएको एक महिनाको तलब बराबरको रकम चाडपर्व खर्च वापत पाउनेछ ।

३३. **नगर प्रहरीको आचरण :**

नगर प्रहरीले देहायका आचरणका पालना गर्नुपर्नेछ :

(क) नगरपालिकाको काममा कुनै प्रकारले असर